- संस्थाका आ.ब. २०७१।७२ का आषाढ मसान्तबाट आ.ब. २०७२।७३ का आसाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग २२० प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७३।७४ को आसाढसम्ममा ३५ प्रतिशतले बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ मा क्रमस २०, ३५ र ३० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ५।५०, ६।५० र ६।५० प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. तरलता:

- नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio)आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ११।१९, ११।४२ र ११।६९ कायम हुनेगरी लगानी प्रक्षेपण गरिएको छ ।
- नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिबार्य मौज्दात ( Cash Reserve Requirement)आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ५।१९, ५।४२ र ५।६९ कायम हुनेगरी लगानी प्रक्षेपण गरिएको छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनश व्यवस्थाको लागी छुट्याइएको छ ।

५. आउदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आएकरको लागी व्यवस्था गरिएको छ ।

६. गत बर्षहरुको वास्तविक आंकडा तथा आउदो बर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

७. पूँजी प्रयाप्तता (Capital Adequacy)को मात्रा नेपाल रास्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूजिकोषको अनुपात आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस: ७१.६६, ५३.६४ र ४४.०९ प्रतिशत र प्रथमिक पूजिको अनूपात आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ७०.९४, ५२.८६ र ४३.२९ प्रतिशत हूनेगरि प्रक्षेपण गरिएको छ ।

**बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ ।**

| विवरण | वास्तविक (रु. हजारमा) | | | २०७३/७४ चौथो त्रैमासिक | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| चुक्ता पूँजी | ५५,००० | ५५,००० | १,००,००० | ५,००,००० | ५,००,००० | ५,००,००० | ५००००० |
| जगेडा तथा कोषहरु | (६,७३५) | (९,४९३) | (१०,०९२) | (७,७७६) | ७२७६ | २८४७० | ५३३१४ |
| **जम्मा** | ४८,२६५ | ४५,५०७ | ८९,९०८ | ४,९२,२२४ | ५०७२७६ | ५२८४७० | ५५३३१४ |
| अपलेखन हुन बाँकी खर्च | | | | | | | |
| **कुल नेटवोर्थ** | ४८,२६५ | ४५,५०७ | ८९,९०८ | ९२,९६५ | ५०७२७६ | ५२८४७० | ५५३३१४ |
| **शेयर संख्या ('००० मा)** | ५५० | ५५० | १,००० | १,००० | ५,००० | ५,००० | ५००० |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | ८७।७६ | ८२।७४ | ८९।९१ | ९२.९७ | १०१।४६ | १०५।६९ | ११०।६६ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| **नेटवोर्थमा प्रतिफल (%)** | (१३.९५) | (६.०६) | (०.६७) | ३.२९ | २.८८ | ४.०१ | ४.४९ |

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल(Minimum return on increased networth required to maintain pre issue EPS) = 2.82%**

**नोटः**
प्रक्षेपित वित्तीय विवरण बैंक स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु एनबीएसएम एण्ड एसोसिएटको तर्फबाट चार्टर्ड एकाउण्टेण्टस् श्री दूर्गा प्रसाद ज्ञवालीले प्रमाणित गर्नुभएको हो ।

**त. संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**वासलात (आषाढ मसान्त, २०७३)**

| पूँजी तथा दायित्व | (रु. हजारमा) |
|---|---|
| शेयर पूँजी | १००,००० |
| जगेडा तथा कोषहरु | (१०,०९२) |
| ऋणपत्र तथा बण्ड | |
| तिर्न बाँकी कर्जा सापटी | |
| निक्षेप दायित्व | ३३८,४४९ |
| भुक्तानी दिनु पर्ने बिलहरु | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | |
| आयकर दायित्व | |
| अन्य दायित्व | ६,५३० |
| **कूल पूँजी तथा दायित्व** | **४३४,८८७** |
| **सम्पत्ति** | **(रु. हजारमा)** |
| नगद मौज्दात | २,९६१ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३,६७६ |
| बैक /वित्तीय संस्थामा रहेको मौज्दात | १०९,३६३ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | |
| लगानी | |
| कर्जा सापट तथा बिल खरिद | ३०७,७५० |
| स्थिर सम्पत्ति | ५,४७९ |
| गैर बैंकिङ्ग सम्पत्ति | |
| अन्य सम्पत्ति | ५,६५८ |
| **कूल सम्पत्ति** | **४३४,८८७** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७२ देखि आषाढ मसान्त, २०७३ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| व्याज आम्दानी | ३३,२३९ |
| व्याज खर्च | २१,९४० |
| **खुद ब्याज आम्दानी** | **११,२९९** |
| कमिशन तथा डिस्काउण्ट | १३० |
| अन्य संचालन आम्दानी | २,७३७ |
| सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **१४,१६६** |
| कर्मचारी खर्च | ५,५१२ |
| अन्य संचालन खर्च | ६,१९५ |
| सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **२,४५९** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | २,६५७ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(१९८)** |
| गैर संचालन आम्दानी/(नोक्सान) | |
| सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३०२ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१०४** |
| असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१०४** |
| कर्मचारी बोनस व्यवस्था | ९ |
| **आयकर ब्यबस्था** | **(६९४)** |
| यस वर्षको | |
| विगत वर्षसम्मको | |
| स्थगन आम्दानी(खर्च) | (६९४) |
| **खुद मुनाफा/(नोक्सान)** | **(५९९)** |

**नाफा-नोक्सान बाँडफाँड हिसाब (श्रावण १, २०७२ देखि आषाढ मसान्त, २०७३ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | |
| २. यस वर्षको मुनाफा | |
| ३. सटही घटबढ कोष | |
| ४. पुँजी समायोजन कोषबाट रकमान्तर | |
| ५. मर्जर रिजर्भ | |
| ६. शेयर प्रिमियम | |
| ७. ऋणपत्र भुक्तानी कोषबाट सारिएको | |
| **जम्मा** | |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | ९,४९३ |
| २. यस वर्षको नोक्सान | ५९९ |
| ३. साधरण जगेडा कोष | |
| ४. भैपरी आउने जगेडा | |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | |
| ८. प्रस्तावित लाभांश | |
| ९. प्रस्तावित बोनस शेयर जारी | |

| | |
|---|---|
| १०. विशेष जगेडा कोष | |
| ११. सटही घटबढ कोष | |
| १२. पूँजी फिर्ता जगेडा कोष | |
| १३. पूँजी समायोजन कोष | |
| १४. लगानी समायोजन कोष | |
| १५. स्थगन कर कोष | |
| **जम्मा** | १०,०९२ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (१०,०९२) |

**थ. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेश र यी संस्थाहरुबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने सम्भावित जोखिमहरु ।
(ख) बैंकबाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालू पूँजी लगानी तथा प्रतीत-पत्र/जमानत-पत्र जारी गर्ने जस्ता गैर–वित्तीय सेवाहरु उपलब्ध गराउँदा हुनसक्ने संभावित जोखिमहरु ।
(ग) नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार व्याजदरमा हुने परिवर्तन तथा थपघटले उत्पन्न हुनसक्ने संभावित जोखिमहरु ।
(घ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकसम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरु ।
(ङ) देशको आर्थिक मौद्रिक तथा वित्तीय नीतिलगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्यासित परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरु ।
(च) विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने थपघट वा निक्षेपमा लिने वा दिने ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु,
(छ) निक्षेप तथा कर्जा लगानीमा ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु, र
(ज) यथासमयमा कर्जा असुली नभई उत्पन्न हुने आर्थिक जोखिमहरु ।
(झ) कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरु ।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
(ट) अन्तर्राष्ट्रिय स्तरमा विभिन्न मुलुकहरुले वैदेशिक ब्यापार अपनाउने नीति ।

बैंकले कर्जा तथा सापट र लगानी खराव भई उत्पन्न हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा जोखिम व्यवस्था, लगानीमा सम्भावित हानी वापतको व्यवस्था, सटही घटवढ कोष जस्ता जोखिम व्यवस्था कोषहरुको व्यवस्था गरेको छ। बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पु-याएको छ । यस बाहेकको व्यवसायिक जोखिमहरुबाट श्रृजना हुन सक्ने हानि-नोक्सानीको लागि ब्यबस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिवद्ध छ ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम</u>**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेञ्जमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**<u>सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।</u>**

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तमुखी सेवाहरु प्रदान गर्ने छ ।
ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।

ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा अनुरोध छ ।

**द) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३" को नियम २१ ले निर्धारित गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी शेयर अभौतिकीकरण गरिसकेका तथा हकप्रद शेयर आवेदन फारममा हितग्राही खाता उल्लेख गरेका तथा हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता भएका शेयधरनीहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराइने व्यवस्था मिलाइनेछ । र भौतिक रुपमा हकप्रद शेयरको प्रमाणपत्र वितरण गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

बैंकको रजिष्टर्ड कार्यालय हरिशंकर रोड बाग्लुङ्ग, तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक लक्ष्मी क्यापिटल लिमिटेडको कार्यालय समय भित्र सम्पर्क राखि बैंकको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु लक्ष्मी क्यापिटल लिमिटेड तथा ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूत गरेको भए सो को विवरण :**

प्रत्याभूत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाडँफाडँ निर्देशिका २०७४", मा भएको व्यबस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यबस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत धितोपत्र दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रिको व्यवस्था मिलाइने छ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

बैंकको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताव वन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रमा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।

घ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

ङ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँड गरिनेछ ।

च) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन ।

छ) यस हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

ज) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं.माग गरि तथा हितग्रही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाडँ भई कायम बाँडफाडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

झ) आवेदन दिदाँ एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक(डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

ञ) आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने सम्पूर्ण विवरणहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

- धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
- आवेदकको नाम,थर, ठेगाना, नागरिकता नं., सम्पर्क फाने नं.,इमेल ठेगाना ।
- नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
- खरिद गर्न चाहेको धितोपत्र संख्या(अंक र अक्षरमा)
- खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
- आवेदकको खाता रहेको बैकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
- आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय(Dormant)रहेको हुनुहुँदैन ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची–६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

क. आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सकिने ।

ख. मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ।

ग. हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सकिने।

घ. कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने ।

ङ. संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको ।

च. प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने ।

छ. हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको।

ज. मनोनयनका लागि निवेदन दिदाँ निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी(शेयरवाला) ले बुझाइको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।
ख) संस्थापक/संस्थापक समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्नेछ ।
ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ । सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने । सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।
घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।
- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ ।

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) बैंकको आ.व. २०७२।०७३ को लेखापरीक्षण लेखापरीक्षकश्री आर.के.एस एण्ड एसोसियट्स् एफ.सि.ए.श्रीराजेश कुमार साहगर्नुभएको हो । आर्थिक बर्ष २०७२।७३ को लेखापरिक्षकको प्रतिवेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।
ख) बैंककोकम्पनी सचिवमाश्री वैकुण्ठराज तिमसेना रहनुभएको छ ।
ग) बैंकको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री एन.बि.एस.एम एण्ड एसोसियट्स् एफ.सि.ए.श्री दुर्गा प्रसाद ज्ञवालीले प्रमाणित गर्नुभएको हो ।
घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) बैंकको Capital Plan अनुसार पूँजी बृद्धि गर्न ।
ख) बैंकलाई सवल र समक्ष रुपमा सञ्चालन गर्न विद्यमान पूँजी गर्न ।
ग) बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।
घ) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।
ङ) बैंकको सूचना प्रविधि तथा अन्य पूर्वाधारको क्षेत्रमा लगानी गर्न ।

- **निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

  यस “हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण” अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

| सि.नं. | **शीर्षक** | **अनुमानित रकम (रु करोडमा)** |
|---|---|---|
| १ | **पशुपालन तथा कृषि कर्जा** | **१०,००,००,०००/** |
| २ | **ब्यापार तथा सेवा कर्जा** | **२०,००,००,०००/** |
| ३ | **साना तथा घरेलु उद्योग कर्जा** | **१०,००,००,०००/** |
| | **जम्मा** | **४०,००,००,०००/** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, हरिशंकर रोड,बाग्लुङ्ग , गणेशटोल, बेनी, र न्यूरोड सभागृहचोक–८, पोखरा । |
| २. | श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर, काठमाण्डौ । |
| ३. | श्री एनआईबिएल क्यापिटल लिमिटेड,लाजिम्पाट,काठमाडौं । |
| ४. | श्री लक्ष्मी बैंक लिमिटेडका शाखाहरु काठमाडौं उपत्यकाभित्र महाराजगञ्ज,कंलकी, ललितपुरको पुल्चोक, उपत्यका बाहिर पर्साको विरगंज, मोरङ्गको विराटनगर, रुपन्देहीको भैरहवा, कास्कीको पोखरा, चितवनको नारायणगढ, बाँकेको नेपालगञ्ज, कैलालीको धनगढी, धनुषाको जनकपुर, सुनसरीको इटहरी , झापाको दमक, सुनसरीको धरान,सिराहाको लहान, स्याङ्गजाको वालिङ्ग,सुर्खेतको विरेन्द्रनगर,दाङ्गको घोराही, महोत्तरी जलेश्वर, सल्यानको श्रीनगर, दोलखाको चरिकोट,काभ्रेपलाञ्चोकको बनेपा, तनहुँको दमौली, मकवानपुरको हेटौंडा,बाग्लुङ । |
| ५. | आस्बा(ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा लक्ष्मीक्यापिटलमार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम नेपाल सरकार अन्तर्गतको हुलाक कार्यालयद्वारा लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

यस वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण बैंकको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बैंकका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको बैंकको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो । नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धि कार्य गर्ने अनुमतिपत्र प्राप्त संस्था इक्रा नेपाल(ICRA NEPAL)ले यस बैंकबाट जारी गर्न लागेका हकप्रद निष्काशनलाई कमजोर आधारहरु(fundamentals)जनाउने "{ICRANP}IPO Grade 5"प्रदान गरेको छ

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको बैंकको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७१/०७२ | | | | |
| ०७२/०७३ | | | | |
| ०७३/०७४ | ८२२ | २५७ | ८९४ | १४९५९४ |

आ.ब.२०७४/०७५ को पछिल्लो तीन महिनामा भएको बैंकको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| असोज ०७४ | ५८० | ५३० | ५५० | १२४४ |
| कार्तिक ०७४ | ५६१ | ४४० | ४४६ | ६३८९ |
| मंसिर ०७४ | ६७४ | ४४५ | ५६९ | २३१९१ |

**नोटः** बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि.ले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | गणेश कुमार श्रेष्ठ | अध्यक्ष | |
| २. | शिव प्रसाद तिमिल्सीना | संचालक | |
| ३. | कृष्ण शंकर श्रेष्ठ | संचालक | |
| ४. | नरेन्द्र रमण त्रिपाठी | संचालक | |
| ५. | विराट आचार्य (सर्वसाधारण समूह) | संचालक | |
| ६. | रमेश कुमार श्रेष्ठ (सर्वसाधारण समूह) | संचालक | |
| ७. | दिपेन्द्र श्रेष्ठ (सर्वसाधारण समूह) | संचालक | |

## स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक रआर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएको आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत,पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वीत भई हामीले यो"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र(ड्यू डेलिजेन्स् सर्टिफिकेट ) प्रस्तुत गरेका छौं ।

बोर्डबाट स्वीकृत भएको " हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु " सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy)बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।